# कामदार क्षतिपूर्ति बीमा (Workers' Compensation Insurance) सम्वन्धी जानकारी

दक्षिण कोरिया सरकारले कामदारहरुको हीतको लागि औद्योगिक कलकारखानाहरुमा काम गर्दा सम्भावित दुर्घटनाहरुबाट हुने चोटपटक, वा चोटपटकको कारणले गरिनु पर्ने औषधिउपचारको लागि सम्वन्धित व्यक्ति र दुर्घटनाको कारणले कामदारको मृत्यु हुंदा निजको कानूनी हकदारले क्षतिपूर्ति पाउने गरी कोरिया सरकारद्धारा कामदारहरुको क्षतिपूर्ति बीमा (Workers' Compensation Insurance) व्यवस्था गरी लागू गरेको छ । कामदार क्षतिपूर्ति बीमाको प्रिमियम वापत तिर्न पर्ने रकमको लागि रोजगारदाता जिम्मेवार हुने भएकोले आफू कार्यरत कम्पनीमा रोजगारदताले बीमा प्रिमियन भुक्तनी गरे नगरेको विषयमा जानकारी राख्दा राम्रो नै हुनेछ ।

**कामदारहरुको क्षतिपूर्ति बीमा कहां लागू हुन्छ**?

एक जनामात्र कामदारले रोजगारी प्राप्त गरेको कम्पनी भएतापनि कामदारको बीमा गरिएको हुनुपर्ने वाध्यात्मक अवस्था रहेको छ । यदि कुनै कामदार दुर्घटना भएको समयमा बीमाद्धारा सुरक्षित नगरिएको कम्पनीमा काम गरिरहेको रहेछ भने पनि दुर्घटनाद्धारा असर परेको कामदार यो बीमाबाट पाउनो सुविधा प्राप्त गर्ने छन् । कामदार क्षतिपूर्ति बीमाले प्रवासी कामदार र कोरियाली कामदारको बीचमा कुनै भेदभाव नगरी समान व्यवहार गर्ने र *कामदारको बसाई गैह्रकानूनी भएतापनि यस बाट लाभ प्राप्त गर्न सकिने छ*।

**कार्य स्थल दुर्घटनामा परेर उपचार गराउनु परेमा के गर्ने**?

कार्यस्थलमा कुनै दुर्घटनामा परी उपचार गराउनुपर्दा उपचार गराईएको अस्पतालमा कामदार क्षतिपूर्ति बीमा फाराम भरेर चिकित्सा सुविधाको दावी सहित कामदार क्षतिपूर्ति बीमाको शाखा कार्यालयमा बुझाउनु पर्छ । यस्ता फारामहरु उपचार गरिने **अस्पतालहरुमा** पनि उपलब्ध रहन्छ । दाबी फाराम बुझाई सकेपछि उपयुक्त लाभ प्राप्त गर्नको लागि केही समय पर्खनु पर्ने हुनसक्छ ।

**बीमा सुविधाको लागि सम्वन्धित कम्पनीले सहयोग नगरे के गर्ने**?

कुनै कार्यस्थलको दुर्घटनामा परेको कामदारले कामदार क्षतिपूर्ति बीमाबाट प्राप्त हुने सुविधा लिन खोजेको तर सम्बन्धित रोजगारदाताबाट आवश्यक सहयोग वा समन्वय प्राप्त गर्न नसकेको अवस्थामा Korea Workers' Compensation & Welfare Service (COMWEL) को फोन नम्बर १५८८-००७५ मा सम्पर्क गरी आवस्यक सहयोग लिन सकिने छ । वा आफू स्वयम् उक्त कार्यालयमा उपस्थित भई आवस्यक जानकारी लिन सकिने छ ।

**कार्य स्थल दुर्घटनाको फारम भर्दा कुन कुन कागजात बुझाउनु पर्छ** ?

कार्यस्थल दुर्घटनाको फाराम भर्दा आफ्नो राहदानीको प्रतिलिपि, विदेशी दर्ताको प्रमाणपत्र (Alien Card) को प्रतिलिपि, शुरुमा डाक्टरले जांच गर्दाको राय, दुर्घटनाको साक्षी भए साक्षी तथा विवादास्पद दुर्घटनाका सबुत दिने अन्य कागजातहरु बुझाउनु पर्दछ ।

## Workers' Compensation Insurance बाट कुन कुन फाईदाहरु प्राप्त हुन्छ?

**(१) औषधि तथा हेरचाह सम्बन्धी फाइदाहरुः**

कार्यस्थलमा भएको दुर्घटना वा कार्यस्थलको कारणले लाग्न गएको रोगको कारणल कामदार क्षतिपूर्ति बीमाबाट अधिकार प्राप्त अस्पतालमा उपचार गराउंदा लागेका औषधी उपचारका खर्चहरु प्राप्त गर्नेछ ।

**(२) अस्थायी अपांङ्गता भएमा तलब प्राप्त हुनेः**

कार्य सम्बन्धी दुर्घटना वा रोगको कारणले काम गर्न असमर्थ भई उपचारको लागि विदामा वस्दा निज कामदारले पाउने तलवको ७० प्रतिशत तलव पाउन योग्य हुनेछ ।

**(३) चोटपटक वा बिरामी भएमा क्षतिपूर्ति स्वरुप बार्षिक भत्ता :**

कार्यसम्बन्धी दुर्घटनाबाट भएको चोटपटक वा सो को असरबाट भएको रोग निवारण गर्न २ वर्षसम्मको औषधि उपचारबाट पनि पूर्णरुपमा ठीक नभएको अवस्थामा असक्तताको स्तर प्रमाणित गरी सोको आधारमा वार्षिक भत्ता प्राप्त गर्न सकिने छ ।

**(३) स्थायी रुपमा अपांग भएमा प्राप्त हुने भत्ता :**

कार्यस्थलमा भएको दुर्घटना वा रोगको कारणले उपचार कार्य सकिए पछि पनि स्थायी रुपमा अपांग भएको खण्डमा अपांङ्गताको स्तरको आधारमा क्षतिपूर्ति प्राप्त गर्न सकिने छ । बीमा क्षतिपूर्ति प्रयोजनको लागि १४ किसिमका स्थायी अपाङ्गतालाई वर्गिकरण गरिएकोले सो भित्रको अपाङ्गता प्रमाणित भएको हुन आवस्यक छ ।

**(४) नर्सिङ्ग सम्बन्धी फाईदाहरु** :

कार्यस्थलमा भएको दुर्घटनाको वा दुर्घटना सम्वन्धित रोगको कारणले अस्पतालमा उपचार गराउंदा वा उपचार कार्य सकिए पछि पनि आशिंक वा पूरा समय नर्सिङ्ग सेवाको आवश्यकता परेमा नर्सिङ्ग सेवा प्राप्त गर्न सकिने छ ।

## Workers' Compensation Insurance का फाईदाहरुको एकमुष्ट भुक्तानीः

कार्यस्थलमा भएको दुर्घटनाको वा रोगको कारणले उपचार गराईरहेको कुनै कामदार आफ्नो ईच्छाले आफनो स्वदेश फर्कन चाहेमा निजले कामदार क्षतिपूर्ति बीमा वापत पाउने आफनो औषधोपचार र हेरचाह फाईदाहरु, अस्थायी अपाङ्गता सम्बन्धी फाईदाहरु वा स्थायी अपाङ्गता सम्बन्धी फाईदाहरुको एकमुष्ट रकम भुक्तानी पाउनका लागि मांग गर्न सक्दछ । यसरी माग एकमुस्ट रकम माग गर्दा स्वदेश फिर्ता पश्चात पनि निजको उपचारको लागि चिकित्सकको राय समेत लिनु आवश्यक हुनेछ ।

साभारः A Guideline to Workers' Compensation Insurance for Migrant Workers, published by Korea Workers' Compensation and Welfare Service

यस सम्वन्धी अन्य जानकारीको लागि www.kcomwel.or.kr मा पनि हेर्न सक्नु हुनेछ ।